# कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्का सम्वत् २०७६ साल साउन ०९ गतेका निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली ईन्जिनियरिङ्ग कम्पनी लिमिटेड स्थापना गर्ने ।

२. अधिकृत एघारौं तहका प्रमुख स्वास्थ्य शिक्षा प्रशासक डा. राधिका थपलियालाई स्वास्थ्य तालिम केन्द्रमा पदस्थापन गर्ने।

३. जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र परिवर्तन सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने।

४. जिल्लास्तरमा सेवा कार्यालय आवश्यक पर्ने मन्त्रालयहरुको विशेष प्रकृतिको कार्यसम्पादन गर्नु पर्ने अवस्थामा बाहेक एक मन्त्रालयको एकमात्र एकिकृत कार्यालय स्थापना गर्नेगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तामा कर्णाली प्रदेशमा बाढीपहिरो वा यस्तै अन्य प्राकृतिक प्रकोप परी पिडित हुने व्यक्ति वा निजका परिवारलाई पिडित भएको यकिन गरी देहायबमोजिम राहत उपलब्ध गराउने:

क) मिति २०७६ असार २८ गते डोल्पा जिल्लाको मुड्केचुला गाँउपालिकामा गएको बाढीपहिरो लगायत कर्णाली प्रदेशभर यस्तो प्रकोपबाट मृत्यु हुने व्यक्तिका परिवारलाई प्रतिमृतक रु. एकलाखका दरले उपलब्ध गराउने ।

ख) विपदबाट घर पूर्ण रुपमा क्षति भएका प्रतिघर परिवारलाई विपद पिडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ को दफा ९ बमोजिम घर निर्माणको लागि बढिमा रु. तिनलाख उपलब्ध गराउने।

ग) अन्य क्षतिको हकमा प्रभावितहरुको क्षतिको विस्तृत विवरण संकलन गरी औचित्यको आधारमा राहत उपलब्ध गराउने।

*द्रष्टव्य: निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।*